कृषि विभाग अन्तरगत संचालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

(नेपाल सरकार सचिवस्तर मिति २०७१/०७/१६ वाट स्वीकृत)

नेपाल सरकार

कृषि विकास मन्त्रालय

कार्तिक, २०७१

कृषि विभाग अन्तरगत संचालन हुने युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

पृष्ठभूमि

देशको कुल ग्राहस्थ्य उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुइ तिहाइ भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भुमिका रहेको स्पष्ट छ । नेपालमा प्रत्येक वर्ष ४ लाख ५० हजार जति उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् । यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरण वाट आय आर्जन वढाउने उद्येश्यले युवा लक्षित कृषि व्यवसाय संचालनार्थ प्रतिस्पर्धी रुपमा अनुदान प्रवाह गर्न नेपाल सरकारले गत आ.व. २०७०/७१ देखि युवालक्षित कार्यक्रम सञ्चालन गरेको र साथै यस आ.व.मा समेत उक्त कार्यक्रमले निरन्तरता पाएको हुँदा सो कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न "युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१" तयार गरिएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१"** रहेको छ ।

(ख) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) **"युवा लक्षित कार्यक्रम"** (Youth Focused Program) भन्नाले यूवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक तरकारी खेती, मत्स्यपालन, मौरीपालन र च्याउ खेती/उत्पादन भन्ने बुझ्नु पर्दछ ।

ख) **"युवा"** भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० बर्ष सम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

ग) **"क्लष्टर"** भन्नाले मौरीपालनमा एक पकेट क्षेत्रमा कम्तीमा ४०० मौरी गोला सहितको घार र च्याउको हकमा एकै पकेट क्षेत्रमा कम्तीमा पनि **१४×२२** वर्ग फीटका ८० वटा प्लाष्टिक घर निर्माण गरिएको क्षेत्र जनाउँछ ।

घ) **"समिति"** भन्नाले जिल्ला कृषि विकास समितिलाई जनाउदँछ ।

ङ) **"च्याउ उत्पादन कार्यक्रम "** भन्नाले च्याउको बीउ उत्पादन तथा विक्री वितरण, ताजा च्याउ उत्पादन गर्ने जनाउँदछ ।

च) **"मौरी पालन"** भन्नाले मह उत्पादन तथा मौरी गोला, घार र उपकरण निर्माणसँग सम्बन्धित व्यवसायलाई बुझाउँदछ ।

च) **"सम्बन्धित जिल्ला"** भन्नाले स्थायी वा अस्थायी रुपमा बसोबास गरी मौरीपालन र च्याउ खेती व्यवसाय सञ्चालन गर्ने जिल्ला सम्झनु पर्दछ ।

छ) **"स्कीम"** भन्नाले तरकारी, मत्स्य, मौरी र च्याउ खेती/व्यवसाय सञ्चालनको लागि तयार गरिएको प्रस्ताव भन्ने बुझ्नु पर्दछ ।

३. **उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहेको छः-

(क) तरकारी, मत्स्य, च्याउ र मौरीपालन व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) युवाहरुको लागि स्वदेशमा रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग पुऱ्याउने ।

(ग) युवाहरुको आय आर्जनमा टेवा पुर्‍याइ कृषक परिवारको जिवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

(घ) कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

परिच्छेद-२

युवा लक्षित कार्यक्रम तथा कार्यक्रम सञ्चालन विधि

४.युवा लक्षित कार्यक्रम : यस कार्यविधि अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

क. युवा लक्षित व्यावसायिक तरकारी उत्पादन कार्यक्रम

ख. युवा लक्षित मत्स्य व्यवसाय कार्यक्रम

ग. युवा लक्षित मौरीपालन कार्यक्रम

घ. युवा लक्षित च्याउ उत्पादन कार्यक्रम

५. युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम छनौटका आधारहरु :

लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) तरकारी खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।
ख) तरकारी खेतीको लागी जमीन आफनै वा भाडामा लिएर गर्न सकिने छ । स्कीम संचालन गर्ने यूवा सोही जिल्लाको स्थायी बासिन्दा हुनु पर्ने बाध्यकारी नभए पनि सम्बन्धित जिल्लामा नै खेतीको लागि प्रस्ताव गरेको हुनुपर्ने छ ।
ग) व्यवसायिक तरकारी खेतीको लागि सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको ५०% भार व्यहोर्नु पर्नेछ । उक्त भार रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्ने छ ।
घ) महिला, दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न युवावर्गको हितलाई विशेष प्राथमिकता दिईने छ ।
ङ) स्कीमछनौट गर्दा जिल्ला कृषि विकास कार्यालयले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रलाई प्राथमिकता दिईने छ ।
च) वातावरणीय अनुकूलका स्कीमहरुलाई प्रोत्साहित गरिने छ ।
छ) जिल्ला कृषि विकास कार्यालय तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट तरकारी खेती प्रयोजनका लागि सहयोग नलिएको स्कीम छनौट गरिने छ ।
ज) एक पटक अनुदान पाएका कृषक / सगोलमा रहेका कृषक परिवारलाई पूनः अनुदान दिईने छैन ।

झ) छनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

६. युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम संयोजक र निजको दायित्व :

युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम संयोजक र निजको दायित्व देहाय बमोजिम हुनेछ ।

क) युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रमको लागि जिल्ला कृषि विकास कार्यालयका वागवानी विकास अधिकृतलाई संयोजक तोकी जिम्मेवारी दिने वा निज नभएको खण्डमा कार्यालय प्रमुखले कुनै अधिकृतलाई संयोजक तोकी जिम्मेवारी तोक्नु पर्नेछ ।

ख) संयोजकले जिल्लामा तरकारी खेतीमा देखिएको समस्या हेरी सम्वन्धित विषय विशेषज्ञ र कृषि सेवा केन्द्रको सहयोगमा निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्नुपर्नेछ ।

ग) प्रत्येक स्कीम सम्वन्धि भए गरेका कार्यहरुको अभिलेख राख्नुपर्नेछ ।

७. युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन प्रकृया:

युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) सूचना प्रवाहः जिल्ला कृषि विकास कार्यालयले युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे, स्थानिय पत्र पत्रिका, कृषि सेवा केन्द्र, गा.वि.स. तथा स्थानीय एफ.एम. मार्फत अनुसूचि १ बमोजिमको ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ ।

ख) आवेदन : उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम कार्यान्वयनको लागि बिदेशबाट फर्केका, बिदेश जान लागेका तथा स्थानिय बेरोजगार यूवाहरुबाट अनुसुचि २ बमोजिमको ढाँचामा कृषि सेवा केन्द्र वा जिल्ला कृषि विकास कार्यालयहरुमा आवेदन पेश गर्नुपर्नेछ । कृषि सेवा केन्द्रमा पेश हुन आएका स्कीमहरु सेवा केन्द्रले जिल्ला कृषि विकास कार्यालयमा सिफारिस साथ स्कीम दर्ता गराउनु पर्नेछ ।

ग) **स्कीम** : आवेदनको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ । हिमाली र पहाडी जिल्लाका हरेक स्किममा थोपा सिचाई सहितको २ ओटा प्लाष्टिक घर अनिवार्य समावेश हुनुपर्नेछ ।

घ) छनौट प्रक्रिया : जिल्ला कृषि विकास कार्यालयले दफा ७(ग) बमोजिम युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रमबारे माग भई आएका आवेदनहरुको छनौट प्रक्रिया अगाडि बढाउदा अनुसुची -६ मा उल्लेखित सूचकहरुको आधार एवं स्किम संचालन हुने स्थानको स्थलगत अवलोकन प्रतिवेदन तयार गरी जिल्ला कृषि बिकास समितिमा पेश गर्नुपर्ने छ । पेश भएका स्कीमहरु मध्ये जिल्ला कृषि विकास समितिबाट उपयुक्त स्किमहरुलाई स्वीकृत गरिने छ । स्वीकृत गरिएका स्कीमहरुलाई जिल्ला कृषि विकास कार्यालयले अनुसूची -४ वमोजिम सम्झौता गराई कार्यक्रम संचालन गराइनेछ ।

ङ) अनुदान रकम प्रवाह प्रक्रिया : अनुदान सहयोगको रकम र उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) युवा लक्षित कार्यक्रम संचालनको लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयलाई नै अख्तियारी उपलब्ध गराइने छ ।

ख) हिमाली र पहाडी जिल्लामा प्रति स्किम बढिमा रु. ४०,०००।- र तराई जिल्लामा प्रति स्किम रु. ६०,०००।- सम्म अनुदान रकम उपलव्ध गराइनेछ ।

ग) स्कीम स्वीकृति पश्चात् जिल्ला कृषि विकास कार्यालयले उक्त कार्यक्रमको लागि अनुदान रकम बैंक खातामा उपलब्ध गराउन सक्नेछ । यसरी अनुदान रकम उपलब्ध गराउंदा दुई किस्तामा अनुदान उपलव्ध गराइनेछ । जिल्ला कृषि विकास समितिबाट कार्यक्रम स्वीकृत भई जिल्ला कृषि विकास कार्यालयसंग सम्झौता भएपछि पहिलो किस्तामा ५०% अनुदान रकम उपलब्ध गराईनेछ । कार्यक्रम सम्पन्न भए पछि आवश्यक कागजात तयार गरी दोस्रो किस्ताको भुक्तानीका लागि पेश गर्नु पर्नेछ, तर दोस्रो किस्ताको रकम प्राप्त गर्नका लागि प्रथम किस्ताको रकम फरफारक भएको हुनु पर्नेछ । सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा कृषि सेवा केन्द्रले अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा दोश्रो किस्ताको रकम भुक्तानी दिइनेछ । यस्तो अनुदान रकम व्यवसायिक तरकारी खेती गर्न आवश्यक पर्ने वीउ, मल, विषादी, प्लाष्टिक, सिचाईको पाईप, होर्डिङ्ग बोर्ड, सामाजिक लेखा परिक्षण तथा तरकारी उत्पादन गर्न आवश्यक पर्ने अन्य सामग्री आदिमा समेत खर्च गर्न सकिनेछ ।

घ) हिमाली र पहाडी जिल्लाका यूवा कृषकहरुले प्रति सिजन ५ रोपनीका दरले र तराईका जिल्लाका यूवा कृषकहरुले प्रति सिजन १ विघाका दरले २ सिजनमा (हिउंदे र बर्षे) तरकारी खेती गर्नु पर्नेछ ।

ङ) नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम जिल्ला कृषि विकास कार्यालयले अग्रसरता लिई सम्वन्धित युवाहरुद्वारा पारदर्शिता अपनाई कार्यक्रम संचालन गर्नुपर्नेछ । कार्यक्रम संचालन पेश भएको स्कीम र सम्झौता अनुसार हुनुपर्ने छ ।

८.**कार्य सम्पन्न प्रतिवेदन** : युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि सम्बन्धित कृषि सेवा केन्द्र मार्फत सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा अनुसूची ५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । जिल्ला कृषि विकास कार्यालयले जिल्लामा संचालित युवा लक्षित कार्यक्रमको प्रगति कम्पाईल गरी मासिक, चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयलाई पेश गर्नुपर्नेछ । सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयले जिल्लाबाट प्राप्त प्रगति कम्पाइल गरी मासिक/चौमसिक/बार्षिक रुपमा तरकारी विकास निर्देशनालयलाई उपलव्ध गराउनु पर्नेछ ।

परिच्छेद-३

९) <u>युवा लक्षित मत्स्य पालन ब्यबसाय सञ्चालनका लागि अनुदान कार्यक्रम सञ्चालन कार्यविधि</u>

युवा लक्षित मत्स्यपालन ब्यबसाय सञ्चालनका लागि अनुदान कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) सूचना प्रवाहः जिल्ला कृषि विकास कार्यालयले युवा लक्षित मत्स्यपालन ब्यबसाय सञ्चालनका लागि अनुदान कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधि बारे, स्थानिय पत्र पत्रिका, कृषि सेवा केन्द्र, गा.वि.स. तथा स्थानीय एफ.एम. मार्फत अनुसूचि १ बमोजिमको ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ ।

ख) आवेदन : उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि युवा लक्षित मत्स्यपालन ब्यबसाय सञ्चालनका लागि बिदेशबाट फर्केका, बिदेश जान लागेका तथा स्थानिय बेरोजगार यूवाहरुबाट अनुसुचि २ बमोजिमको ढाँचामा कृषि सेवा केन्द्र वा जिल्ला कृषि विकास कार्यालयहरुमा आवेदन पेश गर्नुपर्नेछ । कृषि सेवा केन्द्रमा पेश हुन आएका स्कीमहरु सेवा केन्द्रले जिल्ला कृषि विकास कार्यालयमा सिफारिस साथ स्कीम दर्ता गराउनु पर्नेछ ।

ग) **स्किम** : आवेदनको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्कीमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ ।

घ) छनौट प्रक्रिया : जिल्ला कृषि विकास कार्यालयले दफा ९(ग) बमोजिम युवा लक्षित मत्स्यपालन ब्यबसाय सञ्चालनका लागि माग भई आएका आवेदनहरुको छनौट प्रक्रिया अगाडि बढाउदा अनुसुची -६ मा उल्लेखित सूचकहरुको आधार एवं स्कीम संचालन हुने स्थानको स्थलगत अवलोकन प्रतिवेदन तयार गरी जिल्ला कृषि बिकास समितिमा पेश गर्नुपर्ने छ । पेश भएका स्कीमहरु मध्ये जिल्ला कृषि विकास समितिबाट उपयुक्त स्कीमहरुलाई स्वीकृत गरिने छ । स्वीकृत गरिएका स्कीमहरुलाई जिल्ला कृषि विकास कार्यालयले अनुसूची -४ वमोजिम सम्झौता गराई कार्यक्रम संचालन गराइनेछ ।

ङ) अनुदान रकम प्रवाह प्रक्रिया : अनुदान सहयोगको रकम र प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) युवा लक्षित कार्यक्रम संचालनको लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयलाई नै अख्तियारी उपलब्ध गराइने छ ।

(ख) अनुदान रकम व्यवसायिक रुपमा तराईमा ४ कट्ठा र पहाडमा १.५ रोपनीमा खाने माछा उत्पादनको लागि पोखरी निर्माण गर्ने वा तीन लाख माछा भुरा उत्पादन गर्न उपलब्ध गराईने छ । सो रकम प्रति स्कीम पचास हजार रुपैयाँ दिईने छ । बाँकी रु. २ हजार पाँचसय सूचना प्रवाह, जिल्ला कृषि बिकास समितिको बैठक, कार्यक्रम अनुगमन लगायत अन्य प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ ।

(ग) स्कीम स्वीकृति पश्चात जिल्ला कृषि विकास कार्यालयले उक्त कार्यक्रमको लागि अनुदान रकम बैंक खातामा उपलब्ध गराउन सक्नेछ । यसरी अनुदान रकम उपलब्ध गराउंदा दुई किस्तामा अनुदान उपलब्ध गराइनेछ । जिल्ला कृषि विकास समितिबाट कार्यक्रम स्वीकृत भई जिल्ला कृषि विकास कार्यालयसंग सम्झौता भएपछि पहिलो किस्तामा ५०% अनुदान रकम उपलब्ध गराईनेछ । कार्यक्रम सम्पन्न भए पछि आवश्यक कागजात तयार गरी दोस्रो किस्ताको

भुक्तानीका लागि पेश गर्नु पर्नेछ, तर दोस्रो किस्ताको रकम प्राप्त गर्नका लागि प्रथम किस्ताको रकम फरफारक भएको हुनु पर्नेछ । सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा कृषि सेवा केन्द्रले अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा दोश्रो किस्ताको रकम भुक्तानी दिइनेछ । यस्तो अनुदान रकम युवा लक्षित मत्स्यपालन व्यबसाय गर्न आवश्यक पर्ने माछाभूरा खरिद, मल, पोखरी खन्न, पोखरीलाई आवश्यक पर्ने औजार उपकरण खरिद, पाईप, होर्डिङ्ग बोर्ड, सामाजिक लेखा परिक्षण तथा माछा उत्पादन गर्न आवश्यक पर्ने अन्य सामग्री आदिमा समेत खर्च गर्न सकिनेछ ।

(घ) एक पटक यस आयोजनामा सहभागी भई लाभ प्राप्त गरेका युवाहरुले यस कार्यक्रममा पूनः सहभागी हुने पाउने छैनन ।

१०) **कार्य सम्पन्न प्रतिबेदनः** युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न भईसकेपछि सम्बन्धित कृषि सेवा केन्द्र मार्फत जिल्ला कृषि विकास कार्यालयमा अनुसुची ५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । जिल्ला कृषि विकास कार्यालयले जिल्लामा संचालित युवा लक्षित कार्यक्रमको प्रगती कम्पाईल गरी मासिक, चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयलाई पेश गर्नुपर्नेछ । सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयले जिल्लाबाट प्राप्त प्रगति कम्पाइल गरी चौमसिक/बार्षिक रुपमा मत्स्य विकास निर्देशनालयलाई उपलव्ध गराउनु पर्नेछ ।

परिच्छेद-४

युवा लक्षित च्याउ उत्पादन तथा मौरीपालन कार्यक्रम सञ्चालन विधि

११) युवा लक्षित च्याउ उत्पादन कार्यक्रम छनौटका आधारहरु :

युवा लक्षित च्याउ उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) च्याउ खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।
ख) च्याउ खेती व्यावसाय सञ्चालन गर्दा एक पकेट क्षेत्रमा कम्तीमा ८० वटा प्लास्टिक घरमा खेती गर्न क्लष्टरको रुपमा सञ्चालन गरिने छ ।
ग) व्यवसायिक च्याउ उत्पादन कार्यक्रमको लागि सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको १०% भार व्यहोर्नु पर्नेछ । उक्त भार नगद/श्रमदान/जिन्सी वा तीन वटै श्रोत गरी हुन सक्ने छ ।
घ) महिला, दलित, मुक्त कमैया तथा सामाजिक रुपमा पछाडि पारिएका युवाहरुको हितलाई विशेष प्राथमिकता दिईने छ ।
ङ) च्याउ उत्पादनको हकमा ताजा च्याउ उत्पादन, च्याउको विउ उत्पादनमा प्रस्ताव पेश गर्न सकिने छ ।
च) वातावरण अनुकूलका स्कीमहरुलाई प्रोत्साहित गरिने छ ।
छ) जिल्ला कृषि विकास कार्यालय तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका कार्यक्रमबाट यस्तै प्रकृतिको कामको लागि सहयोग नलिएको स्कीम छनौटलाई प्राथमिकता दिईने छ ।
ज) एक पटक युवा लक्षित कार्यक्रम मार्फत च्याउ उत्पादन तथा मौरीपालनमा अनुदान पाएका कृषक/सगोलमा रहेका कृषक परिवारलाई पूनः अनुदान दिईने छैन ।
झ) छनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

१२) युवा लक्षित मौरीपालन कार्यक्रम छनौटका आधारहरु :

युवा लक्षित मौरीपालन व्यवसाय संचालन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) मौरीपालन गरिने स्थल प्राविधिक, भौगोलिक तथा मौरी चरनको हिसाबले उपयुक्त हुनु पर्ने छ । मौरीचरनको लागि आवश्यक पर्ने फलफूल, जंगली फूल, च्यूरीको बोटहरु भएको दक्षिण मोहडा भएको क्षेत्रमा व्यवसाय सञ्चालन गर्ने क्लष्टरहरुलाई प्रथामिकता दिनु पर्ने छ ।
ख) व्यावसाय संचालन गर्ने युवा नेपालको नागरिक भई तोकिएको क्षेत्रको स्थायी बासिन्दा नभए पनि एउटै क्लष्टरमा (पकेट क्षेत्र) रही काम गर्न सहमत हुनु पर्ने छ । एक क्लष्टरमा कम्तिमा पनि २० जना युवा सम्मिलित भई एक स्थानमा ४०० वटा भन्दा बढि उन्नत मौरी घार राख्ने व्यवस्था गर्नु पर्ने छ । मौरीको घार,

गोला उत्पादन, मौरीजन्य सामाग्री उत्पादन, विक्री वितरण र महको प्रशोधन सम्बन्धि कार्य गर्ने गरी प्रस्ताव पेश गर्न सकिने छ ।

ग) व्यवसायिक मौरीपालनको लागी सम्बन्धित युवाहरुले स्कीमको कूल लागतको १०% भार व्यहोर्नु पर्नेछ । उक्त भार नगद/श्रमदान/जिन्सी वा तिनै किसिमको हुन सक्ने छ ।

घ) वातावरणीय हिसाबले अनुकूलका स्किमहरुलाई प्रोत्साहित गरिने छ ।

ङ) जिल्ला कृषि विकास कार्यालय तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका कार्यक्रमबाट यस्तै प्रकृतिको कामको लागि सहयोग नलिएको स्कीम छनौटलाई प्राथमिकता दिईने छ ।

ज) एक पटक युवा लक्षित कार्यक्रम मार्फत च्याउ उत्पादन तथा मौरीपालनमा अनुदान पाएका कृषक/सगोलमा रहेका कृषक परिवारलाई पुनः अनुदान दिईने छैन ।

झ) छनौट भएका स्कीमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

१३) <u>युवा लक्षित च्याउ वा मौरीपालन कार्यक्रम सञ्चालन प्रकृया</u>:

युवालक्षित च्याउ वा मौरी व्यावसाय सञ्चालन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछन् ।

क) सूचना प्रवाहः जिल्ला कृषि विकास कार्यालयले युवा लक्षित च्याउ वा मौरी पालन कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे स्थानिय पत्र पत्रिका, कृषि सेवा केन्द्र तथा स्थानीय एफ.एम. मार्फत अनुसुचि १ बमोजिमको ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ ।

ख) **आवेदन** : उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि युवा लक्षित च्याउ वा मौरी व्यवसाय सञ्चालन कार्यक्रम कार्यान्वयनको लागि बिदेशबाट फर्केका, बिदेश जान लागेका तथा स्थानिय बेरोजगार युवाहरुबाट अनुसुचि २ बमोजिमको ढाँचामा जिल्ला कृषि विकास कार्यालय वा सम्बन्धित कृषि सेवा केन्द्रमा आवेदन गर्नुपर्नेछ । कृषि सेवा केन्द्रमा पेश हुन आएका स्कीमहरु सेवा केन्द्रले जिल्ला कृषि विकास कार्यालयमा सिफारिस साथ स्कीम दर्ता गराउनु पर्नेछ । स्कीम छनौट गर्ने मिति र समयको अग्रीम जानकारी व्यवसायिक कीट विकास निर्देशनालयमा दिनु पर्ने छ ।

ग) **स्कीम** : आवेदनको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्कीमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ ।

घ) छनौट प्रक्रिया : जिल्ला कृषि विकास कार्यालयले अनुसूची ३ बमोजिम युवा लक्षित मौरी वा च्याउ व्यवसाय सञ्चालन कार्यक्रमबारे माग भई आएका आवेदनहरुको छनौट प्रक्रिया अगाडि बढाउदा व्यावसायिक कीट विकास निर्देशनालयका प्रतिनिधी वा व्यावसायिक कीट विकास निर्देशनालयले तोकेको विषय विशेषज्ञको संलग्नतामा अनुसुची -६ मा उल्लेखित सूचकहरुको आधार एवं स्कीम संचालन हुने स्थानको स्थलगत अवलोकन प्रतिवेदन तयार गरी जिल्ला कृषि बिकास समितिमा पेश गर्नुपर्ने छ । पेश भएका स्कीमहरु मध्ये जिल्ला कृषि विकास समितिबाट उपयुक्त स्कीमहरुलाई स्वीकृत गरिने छ । सो बैठकमा व्यवसायिक किट बिकास निर्देशनालयले तोकेको बिषय बिशेषज्ञ लाई उपस्थितीको लागि अनुरोध गरिने छ । स्वीकृत गरिएका स्कीमहरुलाई जिल्ला कृषि विकास कार्यालयले अनुसूची -४ वमोजिम सम्झौता गराई कार्यक्रम संचालन गराइनेछ ।

ङ) अनुदान रकम प्रवाह प्रक्रिया : अनुदान सहयोगको रकम प्रवाह प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क. यूवा लक्षित कार्यक्रम संचालनको लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयलाई अख्तियारी उपलब्ध गराइने छ ।

ख. कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने च्याउको बीउ, प्लाष्टिक, मौरी गोला सहितका घारहरुको आपुर्ति तोकिएका श्रोत केन्द्रहरुबाट हुनेछ । व्यावसायिक कीट विकास निर्देशनालयले अग्रिमरुपमा श्रोत केन्द्र तोक्नेछ ।

१४.भुक्तानी प्रकृया : स्वीकृत भएका प्रस्तावहरुलाई क्लष्टरको रुपमा जिल्ला कृषि विकास कार्यालयहरुले र निम्नानुसारको रकम कम्तिमा पनि २ किस्ता गरी उपलब्ध गराइने छ। पहिलो किस्ता बापतको रकम युवा लक्षित कार्यक्रमको लागी विनियोजीत बजेटको ५० प्रतिशत र बांकी दोश्रो किस्ता कार्य सम्पन्न प्रतिवेदन र विल भपाई संलग्न सिफारीस भै आए पछि सम्झौता अनुसार भूक्तानी गरिने छ।

क्र.सं	विवरण	निर्देशनालयको दायित्व	सम्बन्धीत कृषक/समुह/संस्थाको दायित्व
१	युवा लक्षित च्याउ विकास कार्यक्रम आवश्यक सामाग्री एवं औजार उपकरण वितरण	पहिलो बर्ष १ पटक प्रति कृषक बढिमा रु ४०,००० ले प्रति क्लष्टर (पकेट क्षेत्र) रु ८००००० बराबरको अनुदान सहयोग प्रदान गर्ने।	पहिलो बर्ष कम्तीमा १० प्रतिशत त्यस पछिका बर्षहरुमा सम्पूर्ण खर्चहरु व्यहोर्ने गरी उत्पादन क्लष्टरमा (पकेट क्षेत्र) प्रति युवा १४×२२ वर्ग फीटका ४ वटा का दरले प्रति क्लष्टर ८० वटा टहरा निर्माण गरी च्याउ खेती गर्नु पर्ने छ। च्याउको विउ तथा अन्य सामाग्रीहरुको आपुर्ती तोकिएको श्रोत केन्द्रहरुबाट गर्नु पर्ने छ।
२	युवा लक्षित मौरी पालन सम्बन्धी आवश्यक सामाग्री एवं औजार उपकरण वितरण	पहिलो बर्ष १ पटक ७५ प्रतिशत वा बढिमा प्रति कृषक रु १,८०,००० ले प्रति क्लष्टर (पकेट क्षेत्र) रु ३६,००,०००। बरारबरको अनुदान सहयोग।	पहिलो बर्ष कम्तीमा १० प्रतिशत त्यस पछिका बर्षहरुमा सम्पूर्ण खर्चहरु व्यहोर्ने गरी उत्पादन क्लष्टर (पकेट क्षेत्र) मा प्रति कृषक कम्तीमा पनि २० वटा गोला सहितका मौरी घारका दरले प्रति क्लष्टर ४०० वटा मौरी गोला सहितका घार राख्नु पर्नै र बजारीकरण तथा अन्य श्रोत केन्द्रको रुपमा निर्माण गरिने क्लष्टरहरुमा सोही अनुसारको भौतिक संरचना तयार गर्नु पर्ने छ।
३	सिपमुलक तालीम प्रदान	च्याउ खेतीको हकमा प्रति क्लष्टर (पकेट क्षेत्र) १००००० सम्बन्धीत जिल्लालाई उपलब्ध गराउने र मौरी पालनको हकमा एक हप्ते तालीमको लागी प्रति क्लष्टर रु. ३ लाखका दरले व्यावसायिक कीट विकास निर्देशनालयबाट मौरी विकास कार्यालय वा अन्य मौरीपालन सम्बन्धी दक्षता भएका निजी संघ सस्थाहरु मार्फत समेत सञ्चालन गरिने छ।	केन्द्रले तोकेको स्थान र समयमा उपस्थित भई व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने तालिममा सकृयातपूर्वक भाग लिने र तालीममा सिकेको ज्ञानलाई व्यवहारमा उतार्ने।
४	कार्यक्रम सञ्चालन प्राविधिक सेवाटेवा	प्रति क्लष्टर रु ५०,००० मध्ये केन्द्र र विशेषज्ञको लागि प्रति व्यवसाय रु २,५०० र जिल्ला कृषि विकास कार्यालयहरुको लागि प्रति आयोजना रु २५०० का दरले कुल रु १,५०,००,००० । बजेट फील्डमा खटिने विषय विशेषज्ञ र प्राविधिकहरुको यातयात खर्च तथा होटल बास एवं दैनिक भत्ता व्यहोरिने।	खटिई आउने पदाधिकारीहरुलाई आवश्यक पर्ने सहयोग प्रदान गर्ने, आफ्नो कार्य प्रगती देखाउने, कार्यक्रम सञ्चालनमा आई परेका समस्याहरु बताउने, प्राविधिकहरुबाट दिएको सुझावलाई कार्यान्वयन गर्ने ।

परिच्छेद-५

विविध

१५) **अनुगमन तथा मूल्याकन व्यवस्था** : कृषि विकास मन्त्रालय, कृषि विभाग, क्षेत्रीय कृषि निर्देशनालयहरुबाट आवश्यकता अनुसार एवं सम्बन्धित निर्देशनालय र जिल्ला कृषि विकास कार्यालयहरुबाट नियमित अनुगमन गरिने छ । अनुगमन तथा मूल्याकंनको प्रतिवेदन सम्वन्धित कार्यालयहरुमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१६) **कार्यवाहीको व्यवस्था** : प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्कीम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्यवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

१७) **प्रचलित कानून लागू हुने** : युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।

१८) **कार्यबिधि संशोधन तथा परिमार्जन** : कृषि बिकास मन्त्रालयले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

१९) **बिमा** : हरेक युवा लक्षित स्कीमले सम्भाव्यताको आधारमा विमा गराउनु पर्नेछ ।

२०) **खारेजी तथा बचाउ :**

क) युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७० खारेज गरिएको छ ।

ख) युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७० बमोजिम भए गरेका काम र्कावाहीहरु यसै कार्यबिधि बमोजिम भए गरेको मानिने छ ।

अनुसूची - १

तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यूवाहरुलाई तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि कार्यक्रमको माध्यमवाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध वेरोजगार/वेरोजगार यूवा/यूवतीहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले **१५** दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपशिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।

२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

अनुसूची - २

तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि कार्यक्रममा आनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् बरिष्ठ कृषि विकास अधिकृत ज्यू,

जिल्ला कृषि विकास कार्यालय,

..... ।

विषय : युवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने वारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक

४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)

५. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि

६. समूह/समिति/सहकारीका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको

नाम :

दस्तखत :

ठेगाना :

फोन नं.

संघ/संस्थाको सिफारिस

यस ..... संघ/संस्था/सहकारी को मिति ..... को निणर्य अनुसार निवेदनकर्तालाई ..... कार्यको लागि यस ..... को जमानतमा माग गरे बमोजिमको रु. ..... अनुदान सहयोग उपलब्ध गराई दिन हुन अनुरोध गर्दछौ ।

सिफारिस गर्ने पदाधिकारीको

नाम :

पद :

दस्तखत र मिति :

संघ/संस्थाको नाम र ठेगाना :

सम्पर्क नं. :

संस्थाको छाप :

अनुसूची - ३

तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी युवा/युवतीको नाम थर :

ठेगाना : ..... गाउँ/टोल : ..... वार्ड नं. : ..... गा.वि.स. : .....

जिल्ला : .....

संचालन गर्न खोजेको ..... सम्बन्धि व्यवसाय र स्थान :

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :

आफ्नो लगानि :

आफ्नो पारिवारिक श्रम :

व्यवसायवाट उत्पादन हुने वस्तु :

उत्पादित कृषि बस्तुको परिमाण :

बजारयोग्य परिमाण :

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म/समूह/समिति/सहकारीको नाम : सम्पर्क नम्वर:

ठेगाना: गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

व्यवसाय संचालन गरिने स्थान :

संचालन गरिने कार्य विवरण:

क.सं.	संचालन गरिने कियाकलाप	अनुदान सहयोग	नीजि लगानि	जम्मा लगानि

व्यवसाय गरेको भए, विगत कति वर्ष देखि ..... निरन्तर गरि रहेको? वर्ष.....महिना.....

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) वाहिर वाट ग) दुवै

तर्फ वाट सहि गर्नेको

नाम : संस्थाको छाप: (संस्थाको हकमा)

पद :

दस्तखत : मिति :

अनुसूची - ४

तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

कृषि विभाग/तरकारी विकास निर्देशनालय/मत्स्य विकास निर्देशनालय /व्याबसायिक किट विकास निर्देशनालय द्धारा जिल्ला कृषि विकास कार्यालय ..... मार्फत संचालन गरिने चालु आ.व. ..... को स्वीकृत यूवा लक्षित ..... कार्यक्रम संचालन गर्न जिल्ला कृषि विकास कार्यालय, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका यूवा कृषक श्री/सुश्री/श्रीमती ..... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा /कार्यबिधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ..... व्यवसाय संचालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/ भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

पहिलो पक्ष

जिल्ला कृषि विकास कार्यालयको तर्फवाट सहि गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

कार्यालयको छाप :

सम्पर्क फोन नं. :

दोश्रो पक्ष

युवा उद्यमी वा संस्थाको तर्फवाट सहि गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

औठाको छाप :

संस्थाको छाप :

दा. वाँ.

अनुसूची - ५

तरकारी खेती/मत्स्य पालन /च्याउ / मौरी सम्बन्धि कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको

नाम :

ठेगाना :

२. संचालित व्यवसायको

नाम :

ठेगाना :

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक

क्र.सं.	कार्य विवरण	ईकाई	लक्ष्य	प्रगति	आई परेका वाधा अड्चनहरु	समाधानको लागि सुझावहरु

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्य :

१. ..... २. ..... ३. ....

युवा उद्यमीको नाम : दस्तखत : मिति :

ठेगाना :

अनुसूची - ६

तरकारी खेती/मत्स्य पालन/च्याउ/मौरी सम्बन्धि कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम

क्र. सं.	द.नं.	आवेदकको नाम	ठेगाना	मूल्याङ्कन (१०० पूर्णङ्कमा गर्ने)				
				उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०)	पेश गरेको कार्ययोजना (४०)	उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५)	वास्तविक लक्षित वर्ग (१५)	कुल प्राप्ताङ्क (१००)

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

३.